# किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७) किस्पाङ गाउँपालिका, चैत्र महिना ३० गते, २०८० साल संख्याः १६**

## भाग २

## किस्पाङ गाउँपालिका

किस्पाङ गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**किस्पाङ गाउँपालिकाको जलस्रोत उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।२६

प्रमाणिकरण मितिः २०८०/१२/३०

**किस्पाङ गाउँपालिकाको जलस्रोत उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०**

**प्रस्तावनाः**

किस्पाङ गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणिय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जनस्रोतलाई प्रदूषणमुक्त राखी समुचित प्रयोग गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६(१) अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (ध) र (प) ले दिएको अधिकार प्रयोग गरी किस्पाङ  गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"किस्पाङ गाउँपालिका जलस्रोत उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मिति  देखी प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "जलस्रोत" भन्नाले गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थमा रहेको पानी सम्झनुपर्छ ।

(ख) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म समुचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) "अनुमतिपत्र प्राप्त व्यक्ति वा समिति" भन्नाले जलस्रोतको उपयोग गर्ने दफा ७ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनुपर्छ ।

(घ) "उपभोक्ता संस्था" भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता, उर्जा, खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, सम्झनुपर्छ ।

(ङ) "गाउँ जलस्रोत समिति" भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(च) "अनुमति पत्र" भन्नाले दफा १५ बमोजिम दिईने अनुमति पत्र सम्झनुपर्छ ।

(छ) “सर्वेक्षण” भन्नाले जलस्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन प्रारम्भिक तथा संक्षिप्त वातावरणिय परीक्षण वातावरणिय प्रभाव मूल्याङ्कन, डिजाईन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्य सम्झनुपर्छ ।

(ज) “उपभोक्ता” भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपभोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

(झ) “सेवा शुल्क” भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्ति वा समितिले उपलब्ध गराएको जलस्रोतसँग सम्बन्धित सेवा उपभोग गरे वापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले किस्पाङ गाउँपालिका सम्झनु पर्छ ।

(ट) "अध्यक्ष" भन्नाले यस किस्पाङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ठ) "उपाध्यक्ष" भन्नाले यस किस्पाङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस किस्पाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ढ) "कार्यालय"भन्नाले यस किस्पाङ गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ण) "शाखा" भन्नाले यस किस्पाङ गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनु पर्छ ।

(त) "वडा कार्यालय" भन्नाले यस किस्पाङ गाउँपालिका अन्तर्गतका पाँच वटै वडा कार्यालयहरु सम्झनु पर्छ ।

(थ) "कार्यपालिका सदस्य" भन्नाले यस किस्पाङ गाउँपालिकाको सदस्यहरूलाई सम्झनु पर्छ ।

(द) "वडा समिति" भन्नाले यस किस्पाङ गाउँपालिकाको वडाका समितिहरू सम्झनु पर्छ ।

(ध) "वडाध्यक्ष" भन्नाले यस किस्पाङ गाउँपालिकाको वडाध्यक्ष सम्झनु पर्छ ।

## परिच्छेद २

## जलस्रोत उपभोग र दर्ता

**३. जलस्रोत स्वामित्व र उपभोगः** (१) गाउँपालिका क्षेत्र भित्र रहेको सार्वजनिक तथा निजी जलस्रोत मुहानको स्वामित्व गाउँपालिकामा निहित रहनेछ ।

(२) गाउँपालिका क्षेत्रिभित्र रहेको सार्वजनिक तथा निजी जलस्रोत मुहान दर्ता र जल उपभोक्ता संस्था दर्ता यस कार्यविधि बमोजिम गरी उपभोग गर्नुपर्नेछ ।

४. **जलस्रोतको उपभोग अधिकारः** (१) कुनै स्थानमा रहेको जलस्रोतको त्यस क्षेत्रमा वसोवास गर्ने स्थानीयवासीको सामूहिक उपयोगको अधिकार रहनेछ ।

(२) यसरी सामुहिक उपभोग गर्न चाहने व्यक्तिहरुले जलस्रोत दर्ता र उपभोग गर्न जल उपभोक्ता समिति गठन गरी संस्था दर्ता गर्न सक्नेछन् ।

(३) कुनै स्थानमा रहेको जलस्रोत विगत देखि कुनै समुदायले उपभोग गर्दै आएको छ भन्ने प्रमाणित भएमा सो उपभोगको प्रथम अधिकारी उक्त समुदायमा रही दर्ता कायम हुनेछ ।

५. **समिति गठन र स्रोत दर्ताः** (१) कुनै स्थानको जलस्रोत उपभोग गर्नको लागि सो स्रोतसँग सम्वन्ध र सरोकार राख्ने उपभोक्ताहरुको भेला मार्फत निर्णय गरी उपभोक्ता साधारण सदस्य रहने र संस्था सञ्चालनको लागि सञ्चालक समिति हुने गरी एक जल उपभोक्ता समिति गठन गरी संस्थाको रुपमा गाउँपालिकामा दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने जल उपभोक्ता समितिमा ३३ प्रतिशत महिला अनिवार्य रहने गरी कम्तिमा ७ जना पदाधिकारी रहनेछन । जसमा अध्यक्ष सचिव वा कोषाध्यक्ष मध्ये एक पदमा महिला अनिवार्य हुनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जल उपभोक्ता समिति गठन गरी संस्था दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा संस्थाको दुइ प्रति विधान र निर्णयको माइन्युट सहित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(४) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची -४ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित गाउँ जलस्रोत समिति समक्ष दरखास्त फारम दिनु पर्नेछ ।

(५) निवेदन पेश भएश्चात वडा कार्यालयले जाँचबुझ गरी जलस्रोत मुहान र संस्था दर्ता सम्वन्धमा कसैको दावी विरोध सम्वन्धमा ३० दिनको म्याद दिइ सूचना जारी गर्नुपर्नेछ । यसरी सूचना जारी हूँदा कसैको लिखित विरोध नआएमा वडा समितिले जलस्रोत दर्ता सम्वन्धमा निर्णय गरी गाउँ जलस्रोत समितिमा सिफारिस गर्नेछ ।

(६) उपदफा ५ बमोजिम वडा समितिबाट निर्णय भएमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची -४ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित गाउँ जलस्रोत समिति समक्ष दरखास्त फारम दिनु पर्नेछ ।

(७) वडा कार्यालयले जलस्रोत मुहान र संस्था दर्ता गर्न उपयुक्त नदेखेमा वा मूल दर्ता सम्वन्धमा दावी विरोध रहेमा सोको स्पष्ट कारण खोली दरखास्तवालालाई सूचना दिनुपर्नेछ ।

(८) गाउँ जलस्रोत समितिले आफ्नो सचिवालयमा दर्ता भएका कागजातहरुको अध्ययन गरी स्रोत दर्ता सम्वन्धमा कसैको दावी विरोध भएमा पेश गर्ने सम्वन्धमा ७ दिनको म्याद दिइ सूचना टाँस गर्नुपर्नेछ ।

(९) दफा ४ बमोजिमको म्याद भित्र लिखित दावि विरोध नआएमा गाउँ जलस्रोत समितिले निर्णय गरी पारितको लागि गाउँ कार्यपालिकामा पेश गर्नेछ । गाउँ कार्यपालिकाको बैठकबाट पारित भएमा जलस्रोत मुहान र संस्था दर्ता गरी अनुसूची-२ बमोजिमको प्रमाणपत्र दिन सक्नेछ ।

(१०) जलस्रोत दर्ताको लागि अनुसूची ७ बमोजिमका शुल्कहरु तिर्नुपर्नेछ ।

६. **संस्थाको विधान निर्माण गर्नुपर्नेः** (१) दफा ५ बमोजिम गठन हुने जल उपभोक्ताले निम्न कुराहरु उल्लेख गरी विधान निर्माण पर्नेछः

क) संस्थाको नाम र ठेगाना,

ख) उद्देश्य तथा कार्यक्षेत्र,

ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन र राजीनामा,

(ङ) हक दावी, नामासारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य र अधिकार),

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरीक्षण,

(ट) विधान संशोधन,

(ठ) विघटन,

(ड) संस्थाको छाप ।

(ण) अन्य विविध ।

(२) जल उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु परेमा संशोधनको मस्यौदा गाउँ जलस्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृती दिन सक्नेछ ।

**७. विविधः** (१) दफाः ५ बमोजिमः पर्न आएकोः दरखास्त उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी मूल/उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा गाउँ कार्यपालिकाको बैठकमा निर्णयको लागि प्रस्ताव गर्न सक्नेछ । गाउँ कार्यपालिकाबाट निर्णय भएको अवस्थामा गाउँ जलस्रोत समितिले मूल/संस्थादर्ता गरी दर्ता शुल्क वापत अनुसूची-७ मा उल्लेखित शुल्क लिई अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनेछ। गाउँ जलस्रोत समितिमूल दर्ता वा संस्था दर्ताका सम्बन्धमा थप जानकारीको लागि कार्यक्षेत्र अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम, कुनै उपभोक्ता संस्था दर्ता. गर्न उपयुक्त नदेखेमा गाउँ जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त पेश गरेको मितिले १५ दिनभित्रसूचना दिन् पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम वा गाउँ कार्यपालिका वैठकको निर्णयवाट दर्ता भएका उपभोक्ता संस्थाहरु वा पानीका मूलहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानी पुरानो प्रमाण पत्र खिची यसै कार्यविधिको ढाँचामा प्रमाण पत्र दिइनेछ।

(४) यो कार्यविधि कार्यान्वयन हुनु अघि दर्ता तथा नवीकरण भए नभएका संस्थाका हकमा तत्कालिन अवस्थामा प्रचलित कानून बमोजिम दर्ता तथा नियमित नवीकरण हुँदै आएका संस्थाहरुले यो कार्यविधि प्रारम्भ भएका मितिले ६ महिनाभित्रमा गाउँ जलस्रोत समितिको सचिवालयमा सूचीकृत गरी यो कार्यविधि तथा अन्य प्रचलित कानून बमोजिम नवीकरण गर्नुपर्नेछ तर कानूनी दायरामा समावेश नभएका मूल तथा संस्थाहरुको हकमा यो कार्यविधिमा भएको ब्यवस्था अनुसारको प्रकृया पुरा गरी चालु आर्थिक बर्षभित्र दर्ता तथा नवीकरण गर्नुपर्नेछ ।

# परिच्छेद ३

## गाउँ जलस्रोत समिति

**८. गाउँ जलस्रोत समितिको गठनः** (१) किस्पाङ गाउँपालिका भित्र रहेको जलस्रोतको उपभोग, व्यवस्थापन तथा नियमन गर्नको लागि गाउँ जलस्रोत समिति रहनेछ ।

(२) गाउँ जलस्रोत समितिमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछनः

(क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक -सदस्य

(ङ) पूर्वाधार विकास समितिका संयोजक -सदस्य

(च) आर्थिक विकास समितिका संयोजक -सदस्य

(छ) वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक -सदस्य

(ज) जलस्रोत दर्ता गर्ने सम्बन्धित वडाको अध्यक्ष - सदस्य

(झ) गाउँपालिका इञ्जिनियर - सदस्य

(झ) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(३) गाउँ जलस्रोत समितिको बैठकमा जलस्रोतसँग सम्बन्धित वा सरोकार राख्ने व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

**९. गाउँ जलस्रोत समितिको काम कर्तब्य र अधिकारः**

गाउँ जलस्रोत समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) गाउँपालिका भित्र जलस्रोतको उचित उपयोग व्यवस्थापन तथा नियमनको लागि आवश्यक कानूनको तर्जुमा गरी कार्यान्वयन गर्न गाउँपालिकालाई सहजीकरण गर्ने ।

(ख) जलस्रोत तथा समितिसँग सम्बन्धित दरखास्तहरुलाई सचिवालयमा दर्ता गर्न निर्देशन गर्ने ।

(ग) वडा कार्यालयबाट सिफारिस भइ आएका जलस्रोत तथा समितिसँग सम्बन्धित कागजातहरुको अध्ययन गर्ने ।

(घ) जलस्रोतसँग सम्बन्धित दरखास्तहरुको अध्ययन गरी उपयुक्त लागेमा निर्णयको लागि गाउँ कार्यपालिको बैठकमा पेश गर्ने ।

(ङ) गाउँ जलस्रोत समितिमा दर्ता हुन आएका दरखास्त बमोजिम कार्यक्षेत्र भए नभएको अध्ययन गर्न उपयुक्त लागेमा कार्यक्षेत्र अध्ययन गर्ने ।

(च) वडा कार्यालयहरु तथा उपभोक्ता संस्थाहरुलाई तालिम तथा अभिमुखीकरणको ब्यवस्था गर्ने ।

(छ) जलस्रोत तथा समिति दर्ताको व्यवस्थापनका सम्बन्धमा वडा समितिहरुलाई निर्देशन तथा मार्गर्शन गर्ने ।

(ज) गाउँ कार्यपालिकाबाट निर्णय भएका जलस्रोत तथा समितिहरुलाई प्रमाण-पत्र उपलब्ध गराउने ।

(झ) जलस्रोतसँग सम्बन्धित समितिहरुको दर्ता तथा नियमित नवीकरणको लागि आवश्यक ब्यवस्था मिलाउने ।

(ञ) गाउँ जलस्रोत समितिमा हुने आर्थिक आय-ब्ययलाई पारदर्शि बनाउने ।

(ट) गाउँपालिकाभित्र जलस्रोतको उपयोगको लागि प्रचलित ऐन कानूनको माताहतमा रही गाउँ कार्यपालिकाको निर्णय अनुसार कुनै व्यक्ति वा संस्थालाई अनुमती-पत्र दिन सक्नेछ ।

**१०. जलस्रोत समितिको बैठक र कार्यविधिः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन । बैठकको निर्णय अध्यक्षवाट प्रमाणित गरिनेछ । प्रमाण-पत्र प्रमाणित गर्ने जिम्मेवारी गाउँ जलस्रोत समितिका सदस्य प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(३) बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## जलस्रोत उपयोगको सर्वेक्षण

**११. जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको दरखास्त दिनेः** (१) जलस्रोत उपयोगको सर्भेक्षणअनुमति पत्र लिन चाहने व्यक्ति वा संगठितसंस्थाले अनुसूची ३ बमोजिमको ढाँचामा सम्बन्धित वडाको सिफारिस सहित गाउँ जलस्रोत समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवदेन उपर जाँचबुझ गर्नुपर्नेछ । जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र दिनुपर्नेछ । यसरी अनुमति प्राप्त गरेको व्यक्तिले सर्वेक्षणको काम समाप्त गरेको मितिले ३०(तीस) दिन भित्र गाउँ जलस्रोत समिति समक्षः प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१२. दरखास्त उपर जाँचबुझ सूचना प्रकाशनः** (१) दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु विवरण वा प्रतिवेदन पेश गरेसम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) आवश्यक जाँचबुझ गरी तत् सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ दर्ता दरखास्तवालाको दरखास्तसाथ पेश गर्नु पर्ने कुनैकागजात, विवरण वाप्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेशगर्न गाउँ जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(४) दफा (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मिति लाई दरखास्त परेको मिति मानिनेछ ।

**१३. अनुमतिपत्र दिनेः** दफा १२ बमोजिम दरखास्त उपर रित पूरा गरी गराई गाउँ जलस्रोत समितिले दरखास्त वालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनसूची-६ बमोजिमको ढाँचामा दरखास्तवाला लाई जलस्रोतको उपयोग सम्बन्धी अनुमति पत्र दिनु पर्नेछ ।

**१४. जलस्रोत माथि अधिकार कायम हुनेः** यस कार्यविधि बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्यसञ्चालन गर्नः अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई अनुमतिपत्रमा उल्लेख भए बमोजिमकोलागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलस्रोत उपयोग गर्ने अधिकार प्राप्तहुनेछ ।

**१५. नयाँ अनुमतिपत्र लिनुपर्नेः** (१) कार्यविधि "प्रारम्भ हुनु अगावै देखी जलस्रोतको उपयोग गरिरहेकोव्य क्ति वा संगठित संस्थाले पनि दफा १२ मा उल्लेखित विवरणहरु खुलाई

कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्र जलस्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्त वालालाई अनुसूची -६ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

३) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेका संस्थाहरुले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६(छ) महिनाभित्र यो कार्यविधिबमोजिम सूचीकृत गराउनु पर्ने छ । सूचीकृत दर्ता हुनको लागि गत आ.व सम्मको लेखापरीक्षण पतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१६. **अनुमति पत्र दस्तुरः** (१) यो कार्यविधि वमोजिमको जलस्रोत उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिदा तथा अनुमति लिदा र नवीकरण गर्दा अनुसूचि -७ मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनुपर्नेछ ।

१७. **अनुमतिपत्र नवीकरण गर्नेः** (१) यो कार्यविधि बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्र नवीकरण गर्नुपर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा गत आ.व.सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारणसभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१८.**अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनु पर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँ जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलस्रोत समितिले आवश्यक जांचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

१९. **वार्षिक शुल्क**ः अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि जलस्रोत उपलब्ध गराए वापत गाउँपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूचि-७ मा उल्लेख गरे बमोजिम हुनेछ ।

२०. **उपभोक्ता संस्थाको सम्पत्तिः** (१) उपभोक्ता संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध समितिको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई उपभोक्ता समिति/समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपभोक्ता समिति/समितिको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझने व्यक्तिले सम्बन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३) उपभोक्ता संस्था /संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले उपभोक्ता संस्था/ संस्थाको सम्पति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा उपभोक्ता संस्था/ संस्थाको कुनै सदस्य उपर प्रचलित कानून बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।

२१. **उपभोक्ता संस्थाका उद्देश्यहरुमा हेरफेरः** (१) उपभोक्ता संस्था/संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो उपभोक्ता संस्था/संस्थालाई कुनै अर्को उपभोक्ता संस्था/ संस्थामा गाभ्न उचित देखेमा सो उपभोक्ता संस्थाले तत् सम्बन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न उपभोक्ता संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्ने छ ।

(२) साधारण सभामा कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

२२.**उपभोक्ता समिति /समितिको वर्गीकरणः-** अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समिति समितिको वर्गीकरण हुनेछ ।

१. ५०० जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क वर्ग)

२. २०० देखि ४९९ जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

२. २०० जना भन्दा कम उपभोक्ता सदस्य भएको (ग वर्ग)

**२३. तदर्थ समिति गठन गर्न सकिनेः-** यस अघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए. बमोजिम ६ महिना भित्र साधारणसभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पूरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी सञ्चालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समितिः गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारबाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

**२४. संघ गठन गर्न सकिनेः-** दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँ स्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग समन्वयमा अन्य सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

**२५. आय व्यय विवरण पठाउनु पर्नेः** उपभोक्ता समितिले आफ्नो समितिको आय व्यय विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ ।

**२६. आयव्यय विवरण जाँच गर्ने :** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको आयव्यय विवरण आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आय व्यय विवरण जाँच गराए बापत गाउँपालिकाले आयव्यय विवरण जाँचबाट देखिन आएको मौज्दात रकमको तीन प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) आयव्यय विवरण जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) आयव्यय विवरण जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र आयव्यय विवरण जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो समितिको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको पाइएमा गाउँपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ । तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ ।

**२७. निर्देशन दिने :** गाउँपालिकाले उपभोक्ता समिति/समिति तथा संगठित समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समिति/ समितिको कर्तव्य हुनेछ ।

**२८. दण्ड सजाय :** (१) दफा ७ बमोजिम दर्ता नगराई उपभोक्ता समिति/समिति सञ्चालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले प्रति सदस्य पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (२७) बमोजिम हिसावको विवरण नपठाएमा उपभोक्ता समिति/समितिका सदस्यहरुलाई गाउँपालिकाले प्रति सदस्य एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा (२७) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष जनक प्रमाण पेश गरेमा निजलाई सजायँ गरिने छैन ।

(३) दफा (२८) को उपदफा (३) बमोजिम आयव्यय विवरण जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैंयासम्म जरिवाना गर्नसक्नेछ ।

(४) दफा (२३) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई उपभोक्ता समिति/समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसँग गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी कामकारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्वन गर्न बा खारेजी प्रकृयाको लागि जलस्रोत समितिमा पेश गर्नसक्नेछ ।

**२९. पुनरावेदन :** दफा (३०) बमोजिम गाउँ जलस्रोत समितिले गरेको अन्तिम निर्णय उपर पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ।

**३०. उपभोक्ता समिति/समितिको विघटन वा त्यसको परिणामः** १) उपभोक्ता समिति / समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्ता उपभोक्ता समिति/समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा हुनेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको उपभोक्ता समिति/समितिको दायित्वको हकमा सो उपभोक्ता समिति/समितिको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

३१. **नियम बनाउने अधिकार** : यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

३२. उपभोक्ता समिति/समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्य समिति चयन हुन नसकेमा उक्त कार्य समितिको स्वतः विघटन भएको मानी अर्को कार्य समिति चयन नभएसम्म उपभोक्ता समिति/समिति सञ्चालनको जिम्मेवारी गाउँपालिकाले वडा समितिलाई दिन वा आँफै लिन सक्नेछ ।

३३. **गाउँपालिकाले निर्देशन दिन सक्ने**ः गाउँपालिकाले जलस्रोत उपयोग सम्बन्धमा गाउँ जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु गाउँ जलस्रोत समितिको कर्तव्य हुनेछ ।

३४. **खारेजी वा बचाउ** : (१) संघ तथा प्रदेशबाट जलस्रोत सम्बन्धी नियमावली तथा कार्यविधि निर्माण तथा निर्देशन भएमा सोही बमोजिम हुनेछ ।

(२) जलस्रोत तथा मुहान दर्ता कार्यविधि लागू हुनु पूर्व जलस्रोत ऐन, २०४९ अर्न्तगत दर्ता भएकासमिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

(३) यस कार्यविधिमा उल्लेखित विषयंवस्तुहरु प्रचलित ऐन नियमसँग बाझिएमा उक्त दफा स्वतःखारेज भई प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

३५. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने**ः गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा धपघट गर्न सक्नेछ ।

**आज्ञाले**
**केदार प्रसाद खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**

**अनुसूची-१**
**(दफा ५ को उपदफा (२) बमोजिम)**
**निवेदनको ढाँचा**

श्री अध्यक्ष ज्यू,
गाउँ जलस्रोत समिति,
किस्पाङ गाउँपालिका, नुवाकोट ।

विषयः जल /सिंचाई / खानेपानी तथा सरसफाइ/ उर्जा मूल/समिति दर्ता तथा संरक्षणको लागि

महोदय,
हामीले ......................................, पानीको मूल/उपभोक्ता समिति गठन गरी दर्ता गर्न प्रचलित नियमबमोजिम देहायका विवरणहरु खुलाई प्रस्तावित मूल/उपभोक्ता समितिको एक प्रति विधान र जलस्रोत दर्ता कार्यको लागि निवेदन दस्तुर वापत रसिद नं. ....... बाट रु. ....... रुपैंया दस्तुर सहित दरखास्त दिएका छौं ।

**विवरण**

१. उपभोक्ता समितिको नामः
२. कार्य क्षेत्रः
३. उद्देश्यहरुः
क)
ख)
४. उपभोक्ता समितिका पदाधिकारी /सदस्यहरुको विवरण

| सि.नं. | नाम | ठेगाना | पेशा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

५. उपयोग गरिले जलस्रोतको विवरण
क) जलस्रोतका नाम र रहेको ठाउँ
ख) जलस्रोतबाट गरिने प्रयोग
ग) उपभोक्ता समितिले उपयोग गर्न चाहेको जलस्रोतको परिणामः

घ) उक्त जलस्रोतको हाल भैरहेको उपभोगः

६. उपभोक्ता समितिले पुर्‍याउन चाहेको सेवा सम्बन्धी विवरणः

क) सेवाको किसिमः

ख) सेवा पुर्‍याउने क्षेत्रः

ग) सेवावाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भवनाः

७. आर्थिक स्रोतको विवरणः

केन्द्र/प्रदेश/स्थानीय सरकारः जि.स.स.: जनसहभागिताः

८.कार्यालयको ठेगानाः ।

निवेदक

उपभोक्ता समितिको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

**अनुसूची-२**
**(दफा ७ को उपदफा (१) बमोजिम)**
**गाउँ जलस्रोत समिति,**
**किस्पाङ  गाउँपालिका,नुवाकोट**

# उपभोक्ता संस्था/मूलदर्ता प्रमाण-पत्र

दर्ता मितिः

दर्ता नं.

श्री.......................... (संस्थाको नाम) .

..........................  .

..........................

किस्पाङ गाउँपालिका अन्तर्गत जलस्रोत उपयोग एवं व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० को दफा (७) को उपदफा (१)  बमोजिम .....................साल.............. महिना................ गते यस कार्यालयमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ -

१. उपयोग गरी जलस्रोतको विवरणः
(क) सेवाको किसिम (चार किल्ला सहित) भएको ठाउँः
(ख) जलस्रोतबाट गरिने प्रयोगः
(ग) जलस्रोतको परिमाणः

२ उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरणः
(क) सेवाको किसिमः
(ख) सेवा पुर्याउने क्षेत्रः
(ग) सेवाबाट लाभान्वित घरपरिवारः
(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने संभावनाः

प्रमाण-पत्र जारी गर्ने अधिकारी
दस्तखतः
नाम, थरः
पदः
मितिः

## अनुसूची-३
## जलस्रोतको प्रयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त फारम

श्री अध्यक्ष ज्यू,
गाउँ जलस्रोत समिति,
किस्पाङ गाउँपालिका, नुवाकोट ।

विषयः जलस्रोतको प्रयोगको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।

किस्पाङ गाउँपालिका वडा नं. ... मा रहेको ...........................जलस्रोत उपयोगको निमित्तसर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन जलस्रोत कार्यविधिको दफा .... बमोजिम देहायको विवरणखुलाई यो दरखास्त पेश गरेको छु।

१. व्यक्ति वा संगठित समितिको नाम र ठेगानाः
२. उद्देश्यः
३. सर्वेक्षण गर्ने क्षेत्रः
४ सर्वेक्षण गर्न लाग्ने अनुमानितखर्च रुः
(पुष्ट्याई विवरण संलग्न गर्नुपर्नेछ)
५, सर्वेक्षण गर्ने अवधि :
६. अन्य विवरणहरु (जलस्रोत नियमावली, २०५० को नियम १२बमोजिम) माथि उल्लेखित व्यहोराठीक साँचो छ। झुंठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित समिति भए सो समितिको छाप सम्बन्धित व्यक्ति वा संगठित समितिको तर्फबाट दरखास्त दिनेको

नाम र थरः
सहीः
पदः

## अनुसूची ४
## गाउँ जलस्रोत समिति
## किस्पाङ  गाउँपालिका
## जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र

अनुमतिपत्र संख्याः मितिः

श्री ...................................

...................................

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस जलस्रोत उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० बमोजिम अनुमपति पत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगानाः
२. जलस्रोत सर्वेक्षणको उद्देश्यः
३. जलस्रोत सर्वेक्षणको क्षेत्रः
५. अनुमतिपत्र वहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको
नामः
सहीः
पदः
मितिः

(क)परियोजना विस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको स्रोत,परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनामा सहभागीहरुको नाम. र तिनीहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन समिति तथा त्यस्तो समितिका सञ्चालकहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।)

(ख) सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण),

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय समितिहरुको प्रतिबद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत)

(घ) घर जग्गाको उपयोग वा प्राप्ति परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लागत ।

(ङ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाउने उपायहरु तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाको सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, परियोजना सम्बन्धीकार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय उपभोक्तालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाईपर्न सक्ने असर, विस्थापित जनसंख्याको लागत र तिनीहरुको पुनर्वासको लागि अपनाउनेआवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ।

## अनुसूची-५
### (दफा १२ बमोजिम)
### जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त फारम

श्री अध्यक्ष ज्यू,
गाउँ जलस्रोत समिति,
किस्पाङ गाउँपालिका, नुवाकोट ।

विषयः जलस्रोतको उपयोगको अनुमतिपत्र सम्बन्धमा ।

जलस्रोतको उपयोगको निमित्त अनमतिपत्र पाउन मुहान दर्ता सम्बन्धी जलस्रोत कार्यविधि,२०८० को दफा१२ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. उपयोग गर्न खोजेको जलस्रोतको र उपयोग परिमाण गर्ने प्रयोजनः
४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउँः
५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः
६. प्रस्तावित सेवावाट लाभान्वित हुने उपभोक्ताहरुको सख्याः
७. जलस्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोतः
८. जलस्रोत उपयोग गर्ने तरिकाः
९. जलस्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोगः
१०.अन्य विवरणहरु ।

माथि उल्लेखित व्यहोरा ठीक साँचो हुन् । झुठा ठहरेमा कानून बमोजिम सहुला बुझाउला ।

संगठित संस्था भए सो समितिको, छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट

दरखास्त दिनेको
नाम र थरः
सहीः
पदः
सम्पर्क नम्बरः

मितिः

**अनुसूची-६**
**(दफा १५ बमोजिम)**
**जलस्रोतको उपयोगको अनुमतिपत्र**

अनुमतिपत्र संख्याः मितिः

श्री .......................................................

.............................................................

नुवाकोट ।

विषयः जलस्रोतको उपयोगको अनुमतिपत्र सम्बन्धमा ।

महाशय,

तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली जलस्रोत उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा १५ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएकोछ ।

१. व्यक्ति वा संगठित समितिको नाम र ठेगानाः

२. जलस्रोत उपयोगको उद्देश्यः

३. उपयोग गर्न खोजेको जलस्रोतको नामः

किसिमः रहेको स्थानः

४.उपयोग गर्न पाउने जलस्रोत परिमाणः

५. उपयोग गर्ने क्षेत्रः

६, जलस्रोत उपयोग गर्ने तरिकाः

७. प्रस्तावित सेवावाट लाभान्वित हने उपभोक्ताहरुको संख्याः

८. अनुमतिपत्र वहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको
नाम र थरः
सहीः
पदः
मितिः

## अनुसूची-७
## जलस्रोतको उपयोगको अनुमतिपत्र/नवीकरण दस्तुर

| सि.न. | जलस्रोत उपयोगको किसिम | निबेदन दस्तुर | दर्ता/अनुमति दस्तुर | नवीकरण दस्तुर (प्रत्येक वर्ष आश्विन मसान्त सम्म) | आश्विन भन्दा पछि थप दस्तुर प्रति वर्ष |
|---|---|---|---|---|---|
| क | खानेपानी मुहान दर्ता (घरेलु प्रयोजनको लागि) | रु. १०० | रु. २,००० | रु. ५०० | रु. ५०० |
| ख | सिंचाई | रु. १०० | रु. २,००० | रु. १००० | रु. १,००० |
| ग | पशुपालन, मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | रु. १०० | रु. १,००० | रु. ५०० | रु. ५०० |
| घ | घरेलु उद्योग, औद्योगिक व्यावसाय तथा खानी जन्य उपयोग | रु. १०० | रु. २,००० | रु. १,००० | रु. १,००० |
| ङ | जल यातायात | रु. १०० | रु. ५,००० | | |
| च | अमोद प्रमोदजन्य उपयोग | रु. १०० | रु. ५,००० | | |
| छ | अन्य उपयोग (साना लघुविद्युत आयोजना, अन्य आयोजना) | रु. १०० | रु. ५,००० | | |
| ज | अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि जलस्रोत उपलब्ध गराए वापत | | रु. १०,००० | | |